Nepali / नेपाली

# तपाईंको राज्य संसदको बारेमा

## सरकारको तह

अष्ट्रेलियामा सरकारका तीन तह छन् – स्थानीय, राज्य र संघीय ।

संघीयः सरकारको संघीय तह अष्ट्रेलियाको संविधानमा तोकिएका मुद्दाहरू जस्तै कर, अन्तर्राष्ट्रिय सम्बन्ध (बाह्य मामिला), रक्षा, अध्यागमन लगायत मामिलाका लागि जिम्मेवार रहन्छ। संघीय स्तरमा बनाइएको कानून अष्ट्रेलियाभर लागू हुन्छ ।

राज्यः संघीय राज्य संरचनाको समयमा अष्ट्रेलियाको संविधानमा उल्लेख नगरी राज्यहरुकै लागि सुम्पिएका मुद्दाहरुमा राज्य सरकार जिम्मेवार रहन्छ। राज्यहरुले शिक्षा, स्वास्थ्य, आपतकालीन सेवाहरू, वातावरण र अधिक जस्ता ठूला मुद्दाहरूमा पनि जवादेही भूमिका निभाउने गर्दछन्।

स्थानीय तह: अष्ट्रेलियामा सयौं स्थानीय तह छन्। स्थानीय तहहरूले घर नजिकका मामिलाहरू हेर्छन्, जस्तै सामुदायिक सेवाहरू, खेल मैदानहरू, फोहोर संकलन र भवन निर्माण अनुमतिहरू ।

दक्षिण अष्ट्रेलियाको संसद राज्य तहमा छ।




## शक्ति पृथकीकरण

अष्ट्रेलियामा, १) कानून बनाउने, २) कानून कार्यान्वयन गर्ने, र ३) कानूनको बारेमा निर्णय लिने शक्ति सरकारका विभिन्न तहबीच विभाजित हुन्छन् ताकि नियन्त्रण केवल एक तहसंग मात्र कायम नहोस्।

**संसद/ विधायिका:** प्रमुख कानून संसदले बनाउँदछ। संसदमा पुग्ने निर्वाचित जनप्रतिनिधिले जनताका लागि कानून बनाउँछन् ।

**कार्यपालिका:** कार्यपालिका (जसलाई क्याबिनेट पनि भन्ने गर्छ ) मन्त्रीहरुको टिम हो, जसले सरकारका विभिन्न विभागका मन्त्रीहरुको मातहतमा रहेर काम गर्ने गर्दछ। कार्यपालिकाले कानून लागू गर्दछ, यसलाई व्यवहारमा ल्याउँछ । उदाहरणको लागी, सार्वजनिक शिक्षा सेवाको बारेमा बनाइएको कानूनलाई एक सार्वजनिक विद्यालयका एक शिक्षकले कार्यान्वयन गर्दछ । संसदले बनाएको अपराध सम्बन्धि कानून प्रहरीले कार्यान्वयन गर्नुलाई यसको अर्को उदाहरणका रुपमा लिन सकिन्छ।

**न्यायपालिका:** न्यायपालिका भनेको न्याय प्रणाली हो । अदालतको प्राथमिक जिम्मेवारी कानूनको बारेमा निर्णय गर्ने हो, उदाहरणका लागि, कानून सही तरिकाले लागू गरिएको छ कि छैन, वा यो यसको अधिकारको दायरा भित्र बनाइएको छ कि छैन भनेर निर्णय गर्नु।

दक्षिण अष्ट्रेलियाको संसद (Parliament of South Australia) अष्ट्रेलियाको संसद / व्यवस्थापिका निकाय हो ।



संसद/ विधायिका कार्यपालिका न्यायपालिका

## दक्षिण अष्ट्रेलियाको संसद

सन् 1856 मा दक्षिण अष्ट्रेलियामा द्विसदनीय (दुई सदन) संसदको व्यवस्था गर्न  संविधान ऐन घोषणा गरिएको थियो । यी दुई सदनलाई प्रतिनिधि सभा (House of Assembly) र विधान परिषद् (Legislative Council) को नामले चिनिन्थ्यो । विश्वको पहिलो गोप्य मतदान पछि, पहिलो राज्य संसद बुधवार 22 अप्रिल 1857 मा पहिलो राज्य संसद बन्यो ।

**प्रतिनिधिसभा (The House of Assembly):** प्रतिनिधिसभामा 47 जना सांसद (MP)रहने व्यवस्था छ ।  47 जना सांसदहरु 4 वर्षका लागि दक्षिण अष्ट्रेलियाली जनताको प्रतिनिधित्व गर्नका लागि निर्वाचित भएका छन् । एक सांसदले 25 हजार मतदाताको प्रतिनिधित्व गर्छ । संसदमा बहुमत प्राप्त दलले सरकार बनाउन सक्छ र त्यो दलका संसदहरुलाई कार्यपालिकाका लागि मन्त्री छनोट गर्ने अधिकार हुन्छ । सभामुखले आदेश दिन्छन् र प्रतिनिधिसभाको प्रतीक 'गदा' (Mace) हो ।

**विधान परिषद (Legislative Council):**   विधान परिषदमा 22 संसद सदस्य (MLC) रहने व्यवस्था छ । MLCs दक्षिण अष्ट्रेलियाका जनता द्वारा 8 बर्षको अवधिका लागि चुनिन्छन्, र MLCs ले सम्पूर्ण राज्यको प्रतिनिधित्व गर्दछन्। यसको अर्थ, सबै 22 MLC हरूले तपाईंका लागि काम गर्दछन् । संसदीय दलको निर्वाचनको मतगणना फरक तरिकाले गरिन्छ र संसदको यस सदनमा प्रायः साना दल वा स्वतन्त्र उम्मेदवारहरू हुन्छन् । अध्यक्षले व्यवस्था मिलाउँछ र विधान परिषदको प्रतीक कालो रड (Black Rod) हो ।

## संसदको कार्यहरु

संसदका चार मुख्य कार्यहरु छन् ।

**प्रतिनिधिसभाः** संसद त्यो स्थान हो जहाँ दक्षिण अष्ट्रेलियालीहरू आफ्ना सांसदहरूको माध्यमबाट प्रतिनिधित्व गर्दछन् । गुनासो बहस, चासोका विषयहरू, र दक्षिण अष्ट्रेलियाली जनताको आवाज सरकार तथा सम्बन्धित निकायहरुसम्म पुर्याउनका निम्ति सांसदहरुले आफ्ना मुद्दाहरु राख्न सक्छन्।

**छानबीन:**  सरकारका विभिन्न विभागको जिम्मेवारी सम्हालिरहेका मन्त्रीहरु पनि संसदमा काम गर्दछन्। यसको अर्थ, तपाईंका प्रतिनिधिहरू र विभिन्न राजनीतिक दलहरूले मन्त्रीहरुको कामको अनुगमन गर्न र प्रश्न गर्न सक्छन् । सांसदहरुले पूर्व सूचना दिएर र पूर्व सुचना नदिइ, दुवै तरिकाले मन्त्रीहरुलाई प्रश्न सोध्न सक्छन्।

**आर्थिक:** संसद त्यो स्थान हो जहाँ सरकारी खर्चको स्वीकृति प्राप्त हुन्छ  । सरकारले हरेक वर्ष बजेट पास गराउनुपर्छ । बजेट सामान्यतया: आगामी आर्थिक वर्षको लागि जुन महिनामा प्रस्तुत गरिन्छ ।

**विधान परिषदः** संसद त्यो स्थान हो जहाँ दक्षिण अष्ट्रेलियाका कानूनहरू बनाउने, संसोधन गर्ने तथा परिवर्तन गर्ने गरिन्छ।  ।

## भवन

पूरानो भवनमा 19 औं शताब्दिका सरकार, राष्ट्रपति र सभामुखद्वारा बनाइएका संगमरमरका पिल्लर, कलायुक्त सिमेन्ट तथा काठ, कलात्मक ढुंगा रहेका छन्। कपुण्डाबाट संगमरमर र भिक्टर हार्बरबाट ग्रेनाइटको प्रयोग गरी भवन निर्माण गरिएको थियो । कक्षहरुमा प्रयोग गरिएको रंगले विधान परिषदको लागि रातो र विधानसभाको लागि हरियो रंगले ईंगित गर्ने ब्रिटिश परम्परालाई पछ्याउँछ । प्रतिनिधिसभा (The House of Assembly) को स्थापना 5 जुन 1889 मा भएको थियो ।

सन् 1963 मा, Sir Langdon Bonython ले विधान परिषदमा काम सुरु गर्न £ 1,00,00 उपहार प्रदान गरेपछि 5 जुन 1939 मा विधान परिषदलाई संचालनमा ल्याइएको थियो। । दुई प्रिमियरहरू, Tom Price (1905 -1909) र Frank Walsh (1965 -1967),ले विधान परिषद भवन निर्माणका लागि निर्माणस्थलमै खटेर काम गरेका थिए।

## संलग्न हुनुहोस्

**भ्रमण:** संसद भवन King William Street र North Terrace को कुन्नामा छ । दुवै सदनका बैठक कक्षहरु जनसमुदाय तथा आगन्तुक सबैका लागि खुल्ला छन्। सप्ताहान्तमा संसद बैठक नबसेको समयमा बिहान 10 बजेदेखि दिउँसो 2 बजेसम्म अवलोकन भ्रमणको सुविधा

रहेको छ। सबै भ्रमणहरू निःशुल्क छन् । विद्यालय तथा क्याम्पसद्वारा गरिने अवलोकन भ्रमणका लागि आफ्नो स्थानीय सांसद मार्फत अग्रिम बुकिङ्ग गर्नुपर्दछ। । व्यक्तिगत रूपमा संसद हेर्न नपाएको खण्डमा तपाईं अनलाइनमा प्रत्यक्ष प्रसारणद्वारा हेर्न सक्नुहुन्छ ।

**Hansard (ह्यान्सार्ड):** Hansard भनेको संसदको बहसको आधिकारिक रिपोर्ट हो । तपाईं Hansard मा संसदको सबै कारबाहीहरु पढ्न सक्नुहुन्छ । Hansard संसदको वेबसाइटमा उपलब्ध छ ।

**समिति:** संसदको मातहतमा रहेर काम सम्पन्न गर्नका लागि केही सदस्यहरु सहित समिति निर्माण गरिन्छ। संसदीय समितिसँग प्रमाण जुटाउने, विचार गर्ने र प्रतिवेदन पेश गर्ने विस्तृत अधिकार हुन्छ । आम जनताले सार्वजनिक सुनुवाइमा उपस्थित भई समितिहरूसँग अन्तरक्रिया गर्न सकिन्छ ।

**निवेदनः** निवेदन भनेको काम कारबाहीको माग गर्दै दिइने आवेदन हो। कुनै पनि नागरिक, वा दक्षिण अष्ट्रेलियाका नागरिकहरूको समूहले कुनै पनि सदन समक्ष निवेदन पेश गर्न सक्छ । उदाहरणका लागि, निवेदनले कुनै सदनलाई कानून पेश गर्न, वा विद्यमान कानूनलाई खारेज गर्न वा संशोधन गर्न, वा कुनै विशेष उद्देश्यका लागि वा विशेष व्यक्तिको पक्षमा कारबाही गर्न अनुरोध गर्न सक्छ । संसदमा निवेदन दिन पाउनु सबै नागरिकको मौलिक हक हो । यसले कुनै पनि व्यक्ति वा समूहलाई संसदमा उजुरी गर्न अनुमति दिन्छ । यो जनता र संसदबीच प्रत्यक्ष संवादको माध्यम पनि हो ।

**विरोध प्रदर्शनः** संसद भवनको सीढीमा र्याली वा प्रदर्शनको अनुमति छ तर त्यसका लागि सभामुख र अध्यक्षबाट अनुमति लिनु आवश्यक हुन्छ। यो संसदमा उपस्थित हुने वा पदमार्ग र सडक प्रयोग गर्ने र र्याली वा प्रदर्शनमा भाग लिने जनताको हितमा छ ।

**संसद सदस्यहरूसँग सम्पर्कः** विभिन्न मुद्दामा तपाईंको विचार आफ्नो जनप्रतिनिधि समक्ष राख्नलागि तपाईंले हाम्रो वेबसाइटमा राखिएका संसद सदस्यहरुका नाम तथा सम्पर्क ठेगाना प्रयोग गर्न सक्नुहुन्छ।

## संघीय संसद्सँगको तुलना

| | संघीय संसद | |
|---|---|---|
| | प्रतिनिधि सभा (House of Representatives) | माथिल्लो सदन (Senate) |
| अन्य नामहरू | तल्लो सदन | माथिल्लो सदन |
| सदस्यहरु | 151 | 76 |
| प्रतिनिधित्व | प्रत्येक सांसदले 11 हजार मतदाताको प्रतिनिधित्व गर्छन् । | प्रत्येक सांसदले आफ्नो क्षेत्र वा राज्यको प्रतिनिधित्व गर्छन् । प्रत्येक राज्यका लागि 12 जना र प्रत्येक प्रदेशका लागि 2 जना सांसद छन् । |
| अवधि | 3 वर्ष | 6 वर्ष |
| मतदान प्रणाली | अधिमान्य | समानुपातिक – एकल स्थानान्तरणीय मत |
| क्षेत्रधिकार | पारित कानूनहरू सम्पूर्ण अष्ट्रेलियामा लागु हुन्छ। | पारित कानूनहरू सम्पूर्ण अष्ट्रेलियामा लागु हुन्छ। |

| | दक्षिण अष्ट्रेलियाको संसद | |
|---|---|---|
| | प्रतिनिधि सभा (House of Assembly) | विधान परिषद् (Legislative Council) |
| अन्य नामहरू | तल्लो सदन | माथिल्लो सदन |
| सदस्यहरु | 47 | 22 |
| प्रतिनिधित्व | प्रत्येक सांसदले 25 हजार मतदाताको प्रतिनिधित्व गर्छन् । | प्रत्येक MLC ले सम्पूर्ण दक्षिण अष्ट्रेलियाको प्रतिनिधित्व गर्दछन्। |
| अवधि | 4 बर्ष | 8 वर्ष |
| मतदान प्रणाली | अधिमान्य | समानुपातिक – वैकल्पिक अधिमान्य |
| क्षेत्रधिकार | पारित कानूनहरू दक्षिण अष्ट्रेलियाको लागि मात्र लागु हुन्छ। | पारित कानूनहरू दक्षिण अष्ट्रेलियाको लागि मात्र लागु हुन्छ। |

## हामीलाई सम्पर्क गर्नुहोस्


| | | |
|---|---|---|
| टेलिफोन: | +61 8 8237 9100 \| 1800 182 097 (निःशुल्क) | |
| पत्राचारका लागि : | GPO Box 572, Adelaide SA 5001, Australia | |
| ठेगाना : | Parliament House, North Terrace, Adelaide SA 5000, Australia | |
| इमेल: | LegCo@parliament.sa.gov.au (विधान परिषद)<br>Assembly@parliament.sa.gov.au (प्रतिनिधिसभा) | |
| वेबसाइट: | www.parliament.sa.gov.au | |
| सामाजिक सञ्जाल: | Facebook: | @parliamentsouthaustralia |
| | इन्स्टाग्राम: | @parliamentsouthaustralia |
| | युट्युब: | South Australian Parliament |
| | ट्वीटर: | @LegCouncilSA \| @AssemblySA |